# सुबिधा मार्गदर्शन

**परिचय:** मार्गदर्शन  एलिभेट बोल्डर बाट हुने मासिक भुक्तानीहरूले व्यक्तिहरूलाई उनीहरूको सार्वजनिक सुबिधामा कसरी असर पुर्‍याउन सक्छ भनेर बुझ्न को लागी डिजाइन गरिएको हो। सुबिधाहरु प्रमुख पाँच प्रकारले प्रभावित हुन सक्छन्:

- **असर पर्दैन:** मासिक भुक्तानीहरू प्राप्त गर्दा तपाईंको सुबिधा लिने योग्यतामा वा प्राप्त लाभको मात्रामा कुनै असर पर्नेछैन।
- **सम्भावित सुबिदामा कटौती:** मासिक भुक्तानीहरू प्राप्त गर्नुको परिणामस्वरूप लाभमा कटौती *हुन सक्छ*, यसको मतलब तपाईंले अझै पनि लाभ प्राप्त गर्नुहुनेछ, तर प्रत्येक महिना कम पाउन सक्नुहुन्छ। यद्यपि, यो कम वा मध्यम जोखिम हो र यो तपाईंले एलिभेट बोल्डर बाट पाउने मासिक भुक्तानीहरू भन्दा बाहिर कति कमाउनुहुन्छ भन्ने कुरामा निर्भर हुन्छ।
- **सुविधामा कटौती हुने सम्भावना:** मासिक भुक्तानीहरू प्राप्त गर्नुको परिणामस्वरूप सुविधामा कटौती *हुने सम्भावना हुन सक्छ*, यसको मतलब तपाईंले अझै पनि लाभ प्राप्त गर्नुहुनेछ, तर प्रत्येक महिना कम पाउन सक्नुहुन्छ। यस मामिलामा, यदि 'सम्भावना छ' भनी चिन्ह लगाइएमा, यसको मतलब तपाईं आफ्नो सुविधामा कटौती हुने उच्च-जोखिममा हुनुहुन्छ।
- **सुबिधा घट्ने सम्भावना:** मासिक भुक्तानीहरू प्राप्त गर्नुको परिणामस्वरूप पाउदै गरेको सुबिधा घट्न सक्छ, यद्यपि यो कम वा मध्यम जोखिम हो र यो तपाईंले एलिभेट बोल्डर बाट पाउने मासिक भुक्तानीहरू भन्दा बाहिर कति कमाउनुहुन्छ भन्ने कुरामा निर्भर हुन्छ।
- **सुबिधा नपाउने सम्भावना:** मासिक भुक्तानीहरू प्राप्त गर्नुको परिणामस्वरूप सुबिधा नपाउने सम्भावना हुन्छ, यसको मतलब यो उच्च-जोखिम हो।

निम्न पृष्ठहरूमा, तपाईंले एलिभेट बोल्डर बाट मासिक भुक्तानीहरू प्राप्त गर्नुभएको अवस्थामा तपाईंका लागि उपलब्ध हुन सक्ने लाभ र *सम्भावित* प्रभावहरू के हुन सक्छन् भनेर रेखाङ्कित गरिएको लाभ म्याट्रिक्स फेला पार्नुहुनेछ।

***नोट:*** गाइड कुनै कानुनि सल्लाह उपलब्ध गराउन नभई *सामान्य मार्गदर्शन* उपलब्ध *गराउन* तयार गरिएको छ। *प्रत्येक आवेदकको अवस्थालाई सावधानीपूर्वक विचार गरिनुपर्छ र उनीहरूले आफ्ना* सुबिधा *व्यवस्थापन गर्ने एजेन्सीलाई आवश्यकता अनुरूप प्रश्नहरू सोध्नुपर्छ।*

| **कर तथा सार्वजनिक लाभ** | **यो के हो?** | **असरका प्रकार** |
|---|---|---|
| आम्दानी कर | आम्दानी को आधारमा तपाईंले वार्षिक रूपमा तिर्ने करहरू। | **असर नपर्ने**<br>यसलाई IRS अन्तर्गत नगद उपहार मानिन्छ र वार्षिक उपहार कर बहिष्करण लागू हुँदा कर योग्य आम्दानीको रूपमा गणना गरिँदैन। |
| कोलोराडो वर्क्स (TANF) | आधारभूत आवश्यकताहरूमा सहयोग गर्न अस्थायी नगद सहायता। | **सुबिधा घट्ने सम्भावना** |

बोल्डर शहरले *ले सम्भावित समस्याहरूलाई सङ्केत गर्न मद्दतको लागि यो मार्गदर्शन उपलब्ध गराएको* हो , कानुनि सल्लाहको रुपमा हैन। एलिभेट बोल्डर *मा* भाग लिएको कारण ~~*कारण*~~ *हुन सक्ने कुनै पनि लाभ हानिको लागि* बोल्डर शहर *जिम्मेवार* हुने छैन।

| कर तथा सार्वजनिक लाभ | यो के हो? | असरका प्रकार |
| --- | --- | --- |
| | | कोलोराडो वर्क्स को लागि योग्यता निर्धारण गर्दा तपाईंले एलिभेट बोल्डर मा सहभागी भएर प्राप्त गर्नुभएको आम्दानीलाई आम्दानी मान्ने सम्भावना हुनेछ। |
| सामाजिक सुरक्षा (सेवानिवृत्ति) | कम्तीमा ६१ वर्ष ९ महिना पुगेका ब्यक्तिहरुले पाउने सेवानिवृत्ति आम्दानी | **असर ~~रहित~~ नपर्ने**<br>~~योग्यता~~ सामाजिक सुरक्षामा पाउने योग्यता अघिल्लो योगदानमा आधारित हुन्छ। तपाईंले एलिभेट बोल्डर मा सहभागी भएर प्राप्त गर्नुभएको आम्दानीले तपाईंको सामाजिक सुरक्षा सेवानिवृत्ति भुक्तानीहरूमा असर **गर्ने<u>छैन</u>**। |
| सामाजिक सुरक्षा असक्षमता बीमा (SSDI) | रोजगारी वा परिवार सदस्य मार्फत असक्षमता भएका र योग्य कामको इतिहास भएका व्यक्तिहरूका लागि आर्थिक सहयोग। | **असर नपर्ने**<br>योग्यता सामाजिक सुरक्षामा अघिल्लो योगदान र काम गर्न असमर्थतामा आधारित हुन्छ। तपाईंले एलिभेट बोल्डर मा सहभागी भएर प्राप्त गर्नुभएको आम्दानीलाई SSDI योग्यता वा रकम निर्धारण गर्दा विचार **गरिने <u>छैन</u>**। |
| सङ्घीय पूरक सुरक्षा आम्दानी (SSI) | वयस्क र असक्षमता भएका व्यक्तिहरूलाई न्यूनतम आधारभूत आर्थिक सहायता | **कटौती हुने सम्भावना र लाभको हानि**<br>SSI को लागि आम्दानी सीमा र नियमहरू जटिल छन्। तपाईंले एलिभेट बोल्डर मा सहभागी भएर प्राप्त गर्नुभएको आम्दानीलाई विचार **गरिनेछ** र परिणामस्वरूप कटौती हुने वा तपाईंलाई SSI का लागि अयोग्य बनाउन सक्छ। |
| बेरोजगारी बीमा (UI) | रोजगारी ~~जागिर~~ गुमाएका वयस्कहरूको लागि नयाँ रोजगारी खोज्ने क्रममा भएका खर्चहरू पूरा गर्न मद्दत गर्न अस्थायी सहायता। | **असर नपर्ने**<br>'उपहार' नआएको आम्दानी मानिने भएकाले तपाईंले एलिभेट बोल्डर मा सहभागी भएर प्राप्त गर्नुभएको आम्दानीलाई योग्यता तर्फ गणना **गरिने <u>छैन</u>**। यस कार्यक्रमबाट तपाईंको बेरोजगारी भुक्तानीहरू प्रभावित हुने छैनन्। |
| महिला, शिशु र बालबालिका (WIC) | पूरक खाना, स्वास्थ्य सेवा सन्दर्भ र आमाहरूका लागि पोषण शिक्षा र शिशुहरू र पोषण जोखिममा रहेका पाँच वर्षसम्मका बालबालिकाहरू। | **असर नपर्ने**<br>प्रकोप पुन: प्राप्ति मानिने भएकले योग्यता निर्धारणको क्रममा तपाईंले एलिभेट बोल्डर बाट प्राप्त गर्नुभएको आम्दानीलाई WIC को लागि विचार **गरिने छैन**। |
| फ्री एण्ड रिड्युस्ड स्कुल लन्च | सामुदायिक विद्यालयमा भर्ना भएका न्यून आम्दानी भएका बालबालिकाका लागि नि:शुल्क वा कम लागतमा विद्यालय खाना। | **सम्भावित कटौती वा लाभको हानि**<br>योग्यता सामान्यतया वर्षमा एकपटक निर्धारण गरिन्छ र एलिभेट बोल्डर बाट प्राप्त आम्दानी योग्यता विरुद्ध गणना **हुनेछ**। अर्को पटक योग्यता मूल्याङ्कन गरिन्छ (सम्भवतः विद्यालय वर्षको सुरुवात), यो कार्यक्रमले तपाईंलाई निःशुल्क खानाबाट घटाइएको मूल्य लैजान वा अयोग्य बनाउन सक्छ। यद्यपि, यदि तपाईंले ईण्डियन रिजर्भेसन (FDPIR) वा कोलोराडो वर्क्स (TANF) मा खाद्य वितरण कार्यक्रम प्राप्त गर्नुभयो भने, तपाईंको नि:शुल्क र घटाइएको खाना सुरक्षित हुनेछ। |
| मेडिकेड (हेल्थ फर्स्ट कोलोराडो) | बालबालिका र वयस्कहरूको लागि निःशुल्क वा कम लागतको स्वास्थ्य बीमा। | **असर नपर्ने**<br>तपाईंले एलिभेट बोल्डर बाट प्राप्त गरेको आम्दानी Medicaid को लागि योग्यतामा गणना **गरिने <u>छैन</u>**। |

बोल्डर शहरले *ले सम्भावित समस्याहरूलाई सङ्केत गर्न मद्दतको लागि यो मार्गदर्शन उपलब्ध गराएको* हो , कानुनि सल्लाहको रुपमा हैन। एलिभेट बोल्डर *मा* भाग लिएको कारण *~~कारण~~ हुन सक्ने कुनै पनि लाभ हानिको लागि* बोल्डर शहर *जिम्मेवार* हुने छैन।

| कर तथा सार्वजनिक लाभ | यो के हो? | असरका प्रकार |
|---|---|---|
| | | **नोट:** यदि तपाईं मेडिकेड का लागि योग्य वरिष्ठ वा असक्षमता भएका व्यक्ति हुनुहुन्छ भने, तपाईंको योग्यता आवश्यकताहरूमा नगद उपहारहरू गणना गर्न सकिन्छ। तपाईंले कति कमाउनुहुन्छ भन्ने कुरामा आधारित रहेर, यो कार्यक्रमले तपाईंलाई यो लाभको लागि अयोग्य बनाउन सक्छ। |
| मेडिकेयर | वृद्धहरूको लागि निःशुल्क वा कम लागतको स्वास्थ्य बीमा। | **सम्भावित सुबिदामा कटौती**<br>तपाईंले एलिभेट बोल्डर बाट प्राप्त गर्नुभएको आम्दानीलाई ~~Medicare~~ मेडिकेयर Parts B (बीमा) र D (प्रिस्क्रिप्सन औषधिहरू) लागतहरूको लागि योग्यतामा गणना **गरिनेछ**। यद्यपि, यी थ्रेसहोल्डहरू काफी उच्च छन् र यदि यो भएमा पनि, महिनाको अतिरिक्त $५०० ले यो लाभलाई खासै असर गर्न सम्भव छैन। |
| पूरक पोषण सहायता कार्यक्रम (SNAP) फ़ुड स्टाम्प | कम आम्दानी भएका वयस्क र परिवारहरूलाई अधिकार प्राप्त खुद्रा खाद्य पसलहरूमा योग्य खाना खरिद गर्न सक्षम बनाउने लाभ। | **सुबिधा नपाउने सम्भावना**<br>तपाईंले एलिभेट बोल्डर मा सहभागी भएर प्राप्त गर्नुभएको आम्दानीलाई SNAP योग्यतामा गणना **गरिनेछ**। तपाईंको घरपरिवारले पहिले नै कति आम्दानी गर्छ भन्ने कुरामा आधारित रहेर, तपाईंले एलिभेट बोल्डर बाट प्राप्त गर्नुभएको आम्दानीले तपाईंलाई SNAP का लागि अयोग्य बनाउन सक्छ। यद्यपि, यदि तपाईंले TANF प्राप्त गर्नुहुन्छ भने, तपाईंले एलिभेट बोल्डर मार्फत प्राप्त गर्नुभएको आम्दानीलाई ख्याल नराखी SNAP प्राप्त गर्न जारी राख्नुहुनेछ। |
| सार्वजनिक आवास (सेक्सन ~~8~~ ८) तथा आवास विकल्प ~~भाउचर~~ भौचरहरू | न्यून आय भएका परिवार, वृद्ध र असक्षमता भएका व्यक्तिहरूलाई सरकारी स्वामित्वको आवास वा निजी बजारमा प्रयोग गरिने भौचरहरू मार्फत आवास सहायता। | **कटौती सम्भावना / लाभमा सम्भावित हानि**<br>तपाईंले एलिभेट बोल्डर मा सहभागी भएर प्राप्त गर्नुभएको आम्दानीलाई आवास सहायताको सन्दर्भमा आम्दानी **मानिनेछ**। यदि तपाईं पहिलेबाट नै आवास सहायतामा हुनुहुन्छ भने, तपाईंले सामान्यतया आफ्नो मासिक संयोजित आम्दानीको को ३०% भाडा तथा उपयोगिताहरूको लागि तिर्नुहुन्छ। यस कार्यक्रम मार्फत तपाईंको भुक्तानी तपाईंको ३०% मासिक भुक्तानी गणना गर्न प्रयोग गरिने भएकाले तपाईंको भाडा बढ्न सक्छ। यदि तपाईं पहिलेबाट नै आवास सहायतामा हुनुहुन्न वा यदि तपाईं योग्यता नजिक हुनुहुन्छ भने, यो कार्यक्रमले तपाईंको योग्यतामा असर गर्न सक्छ। |
| पेल अनुदान | पोस्ट-सेकेन्डरी शिक्षा (कलेज, एसोसिएटको डिग्री) आर्थिक सहायता। | **असर नपर्ने**<br>तपाईंले एलिभेट बोल्डर मा सहभागी भएर प्राप्त गर्नुभएको आम्दानीले पेल अनुदानहरूमा असर **गर्नेछैन**। |

बोल्डर शहरले *ले सम्भावित समस्याहरूलाई सङ्केत गर्न मद्दतको लागि यो मार्गदर्शन उपलब्ध गराएको* हो , कानुनि सल्लाहको रुपमा हैन। एलिभेट बोल्डर *मा* भाग लिएको कारण *~~कारण~~ हुन सक्ने कुनै पनि लाभ हानिको लागि* बोल्डर शहर *जिम्मेवार* हुने छैन।